# प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
# प्रदेश नं.२, जनकपुर

## गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि आशयपत्र (Expression of Interest) आव्हान गरिएको सूचना

*प्रथम पटक प्रकाशित मिति २०७६।०५।२३*

यस प्रदेश २ मातहतका ८ जिल्लाहरु (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहत, बारा र पर्सा) मा चालु आ. व. २०७६/७७ मा गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सिर्जना र स्तरोन्नतीका कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले सो प्रयोजनका लागि E-bidding को माध्यमबाट आशयपत्र (Expression of Interest) माग गरी E-bidding प्रक्रिया बाट दर्ता भएका आशय पत्रहरु बिच प्रतिस्पर्धाबाट योग्यताक्रमका आधारमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको प्ररम्भिक सुचि तयार गर्नुपर्ने भएकोले इच्छुक सेवा प्रदायक संस्था, गै.स.स.,फर्म वा कम्पनीवाट उक्त कार्यक्रम सञ्चालन गर्नका लागि रितपूर्वकको आशयपत्र (Expression of Interest) पेश गर्न १५ दिने सुचना मार्फत आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि यस मन्त्रालयको Website: moitfe.p2.gov.np वा www.bolpatra.gov.np/egp मा हेर्नुहुन साथै कार्यालय समयमा यस मन्त्रालयका तल उल्लेखित फोनमा सम्पर्क राख्न हुन अनुरोध छ ।

**सम्पर्क**

अफिस फोन नं. ०४१ ५२७०१२

**शर्तहरु**

१. आशयपत्रदाताले निम्नानुसारको कागजात तथा प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

क. संस्था (व्यवसाय विकास सेवा प्रदायक संस्था, गैह्रसरकारी सस्था, प्राइभेट वा साझेदारी फर्म वा कम्पनी) को बिधान वा प्रवन्धपत्र, नियमावलीमा स्पष्टरुपमा लघु उद्यम वा व्यवसाय विकास वा सिप विकास तालिम वा आयआर्जन क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको ।

ख. संस्था दर्ता भएको अबधि न्यूनतम २ बर्ष पुरा भएको ।

ग. संस्थाको नविकरण अद्यावधिक भएको हुनु पर्नेछ।

घ. मूल्य अभिवृद्धिकरमा दर्ता भएको ।

ङ आ.व.२०७४/७५ को कर चुक्ता प्रमाण पत्र । (कर छुट सुबिधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो बार्षिक कारोबारको बिबरण पेश गरेको प्रमाण संलग्न हुनुपर्ने)

च. कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख भए बमोजिम जनशक्ति भएको ।

छ. काम गर्न चाहेको जिल्ला उल्लेख भएको (अधिकतम २ जिल्ला) ।

ज. कालो सूचीमा नपरेको स्वघोषणा– पत्र ।

झ. आ.ब. २०७३/७४ र २०७४/७५ को लेखा परीक्षण भएको प्रतिवेदन ।

ञ. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता भएको र कम्पनीको हकमा सम्बन्धित निकायबाट काम गर्ने इजाजत प्राप्त गरेको ।

२. आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र कार्यक्षेत्रगत शर्त (ToR) www.bolpatra.gov.np वाट वा यस मन्त्रालयको moitfe.p2.gov.np वाट Download गर्न सकिनेछ । १६ औं दिन दिनको १२:०० बजे भित्र E-submission process मार्फत www.bolpatra.gov.np मा आशयपत्र दर्ता गराईसक्नु पर्नेछ र यसरी दर्ता भएका आशयपत्रहरु सोही दिनको २ बजे यस मन्त्रालयले PPMO बाट प्राप्त user Name and Password प्रयोग गरी खोल्नेछ । त्यस दिन सार्वजनिक विदा पर्न गएमा भोलीका दिनमा सोही समयमा खोल्नेछ । सो कार्यमा आशयपत्रदाताहरु, आन्तरिक मामिला मन्त्रालय र आर्थिक मामिला तथा कानुन मन्त्रालयका वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको समेत उपस्थितिमा यस मन्त्रालयमा खोलिनेछ । तर आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि आशयपत्र खोल्न बाधा पर्ने छैन ।

३. आशयपत्र दाताले E-bidding मार्फत आशय पत्र प्रस्ताव गर्दा कुन जिल्लाको कार्यक्रम सञ्चालन गर्नको लागि पेश गरेको हो सो प्रस्ट खुलेको हुनुपर्ने छ। कुन जिल्लाको लागि आशयपत्र पेश गरिएको हो सो प्रस्ट नखुलेको, सहीछाप

नभएको, रित नपुगेको आशयपत्र उपर कुनै कारवाही हुने छैन। साथै एकभन्दा बढी जिल्लामा कार्यक्रम सञ्चालन गर्न चाहने सेवा प्रदायकहरुले प्रत्येक जिल्लाको लागि छुट्टाछुट्टै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी आशयपत्र दर्ता गर्नु पर्ने छ। एकै संस्थाले माथि उल्लेखित जिल्लाहरु मध्ये बढीमा २ जिल्लामा मात्र आशयपत्र पेश गर्न सक्नेछन् ।

४. एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एक भन्दा वढी जिल्लाका लागि आशयपत्र पेश गरेको पाइएमा मन्त्रालयले तोकेको एक मात्र जिल्लामा सिफारिस गरि पठाईनेछ। एकभन्दा बढी संस्थाले एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी आशयपत्र पेश गरेको पाइएमा मन्त्रालयले तोकेको समय भित्र सम्बन्धित जनशक्तिको मन्जुरनामा आशयपत्र संस्था/ फर्म / कम्पनीले पेश गर्नुपर्ने छ। सो पेश गर्न नसक्ने आशयपत्र दाताको आशयपत्रमा उल्लेखित जनशक्ति रद्द गरिनेछ । पहिले दर्ता भएको संस्थालाई दोहरिएको जनशत्तिको मन्ययता प्राप्त हुने छ ।

५. तोकिएको मिति र समय भित्र पर्न आएका आशयपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका, २०७० (चौथो संशोधन सहित) वमोजिम मूल्यांकन गरी प्रत्येक जिल्लाकोलागि योग्यताक्रमका आधारमा उत्कृष्ट तिन देखि छ वटा संस्थाहरु छनौट गरि छनौट भएका संस्थाहरुको सूची राष्ट्रिय पत्रिकामा प्रकाशित गरी सम्वन्धित जिल्लामा पठाइनेछ ।

दुई वा दुई भन्दा वढी गैह्र सरकारी संस्था, फर्म वा कम्पनीले संयुक्त उपक्रम (Joint Venture) को रुपमा कार्य र परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने संस्था, फर्म वा कम्पनीको नामका साथै प्रचलित कानून वमोजिमको रित पु(याइ आशयपत्र पेश गर्नुपर्नेछ अन्यथा त्यस्ता आशयपत्र उपर कारवाही हुनेछैन ।

६. जिल्लामा पठाईएको सूचि भित्रवाट सोही जिल्लामा कार्यक्रम संचालनका लागि जिल्ला उद्यम विकास समितिको समन्वयमा सम्वंधित जिल्लामा रहेका जिल्ला घरेलु तथा साना उद्योग कार्यालयले छुटै आर्थिक र प्राविधिक प्रस्ताव माग गरी प्रचलित कानुन अनुसार योग्यताक्रमका आधारमा सात वटा सम्म स्थानीय तह भएको जिल्लाको हकमा एक र आठ वा आठ भन्दा वढी स्थानीय तह भएको जिल्लाको हकमा दुईवटा उत्कृष्ट व्यबसाय बिकास सेवा प्रदायक संस्थाको छनौट गर्नेछन् ।

७. विस्तृत विवरण सहितको कार्यक्षेत्रगत शर्त (TOR), आशयपत्र यस मन्त्रालयको website: moitfe.p2.gov.np वा www.bolpatra.gov.np बाट Download गर्न सकिनेछ ।

८। आशयपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np बाट आशयपत्र पेश गर्न सक्नेछन्। यसरी भाग लिने आशयपत्रदाताहरुले आशयपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु पोर्टल www.bolpatra.gov.np मा लग इन (log in) गरी प्राप्त निर्देशन अनुसार स्क्यान गरी पि.डि.एफ (PDF) Format मा तयार गरी अपलोड गर्नुपर्नेछ ।

- PDF Format मा पेश गरिएका कागजातहरुका सम्बन्धमा थप जानकारी आवश्यक देखिएमा सक्कल वा प्रमाणित प्रतिलिपिहरु आशयपत्र खोलेको मितिले ५ दिनभित्र यस मन्त्रालयमा पेश गर्नु पर्नेछ।
- आशयपत्र खोल्ने समयमा आशयपत्रदाताको आशयपत्रहरु PDF Format मा अपलोड भएको नदेखिएमा, अपलोड भएको PDF File प्रष्टसँग नबुझिएमा, डाउनलोड हुन नसकेमा वा नभएमा वा डाउनलोड भएको PDF File नखुलेमा यस मन्त्रालय जवाफदेही हुने छैन ।

९. आशयपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा रहने छ। आशयपत्र सम्बन्धमा विवाद आएमा यस मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

१०.जनशक्तिको रुपमा अनिवार्य कम्तिमा ६ जना उद्यम विकास सहजकर्ताहरु ( काम गर्ने प्रतिवधता समेत समावेस गरि) लगायत अन्य कर्मचारी प्रस्ताव गर्नु पर्नेछ । उद्यम विकास सहजकर्ता प्रस्ताव नगरेका आशयपत्रहरु मान्य हुने छैनन् ।

११. प्रचलित कानूनको अधिनमा रही तयार गरिएको यस कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख भएका कुराहरु यसै वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका, २०७० (संशोधन सहित) र प्रचलित कानून वमोजिम हुनेछ ।

१२. यस विषयमा थप जानकारी लिनुपर्ने भएमा यस मन्त्रालयको फोन नं. .............................. मा वा मोवाईल नं. ............... मा कार्यालय समयभित्र सम्पर्क सकिनेछ ।

१३.आशयपत्र सम्बन्धी बिस्तृत छलफलको लागि यो सूचना प्रकाशित मितिले सातौ दिन सो दिन सार्बजनिक बिदा परे त्यसको भोलिपल्ट दिनको १३:३० वजे अग्रिम बोलपत्र बैठक (Pre bid meeting) मन्त्रालयको वैठककक्षमा बस्नेछ । उक्त बैठकमा सहभागी हुन इच्छुक आशयपत्रदाताहरुलाई यसै सूचनाबाट जानकारी गराइएकोछ ।